# स्वावलम्बन लघुवित्त वित्तीय संस्था लि.
## Swabalamban Laghubitta Bittiya Sanstha Ltd.

नेपाल राष्ट्र बैंकबाट "घ" वर्गको ईजाजतपत्रप्राप्त संस्था (राष्ट्रिय स्तरको)
केन्द्रीय कार्यालयः कमलपोखरी, काठमाडौं ।
फोन नं.: ०१-४५३४९२१/२२, फ्याक्सः ०१-४५४१५२५

## तेईसौं वार्षिक साधारण सभा सम्बन्धी सूचना

**(प्रथम पटक सूचना प्रकाशन मिति : २०८१/०७/०१)**

**आदरणीय शेयरधनी महानुभावहरु,**

यस वित्तीय संस्थाको मिति २०८१ साल असोज ३० गते बुधबार बसेको सञ्चालक समितिको ४४१औं बैठकको निर्णय अनुसार संस्थाको तेईसौं वार्षिक साधारण सभा निम्न लिखित मिति, समय र स्थानमा देहायका विषयहरू उपर छलफल तथा निर्णय गर्न बस्ने भएको हुँदा कम्पनी ऐन, २०६३ को दफा ६७ अनुसार सम्पूर्ण शेयरधनी महानुभावहरूको जानकारी तथा उपस्थितिको लागि यो सूचना प्रकाशित गरिएको व्यहोरा अनुरोध छ ।

**सभा हुने मिति, समय र स्थान**

**मिति : वि.सं. २०८१ साल कार्तिक ३० गते शुक्रबार (तदनुसार १५ नोभेम्बर २०२४) ।**
**समय : बिहान ११:०० बजे ।**
**स्थान : लिसरा रिसेप्सन्स्, भगवतीवहाल, नक्साल, काठमाडौं ।**

**छलफलका विषयहरु**

**अ) सामान्य प्रस्तावहरु :**

१) यस वित्तीय संस्थाको २३औं वार्षिक साधारण सभामा संचालक समितिको तर्फबाट अध्यक्षज्यूद्वारा प्रस्तुत आ.व. २०८०/८१ को संचालक समितिको प्रतिवेदन उपर छलफल गरी पारित गर्ने ।

२) लेखापरीक्षकको प्रतिवेदन सहितको २०८१ आषाढ मसान्तको वासलात तथा सोही मितिमा समाप्त आ.व. २०८०/८१ को नाफा नोक्सान हिसाब, नगद प्रवाह विवरण र नाफा नोक्सान बाँडफाँड विवरण छलफल गरी पारित गर्ने ।

३) आ.व. २०८०/८१ सम्मको मुनाफाबाट नेपाल राष्ट्र बैंकबाट वितरण गर्न स्वीकृत भए बमोजिम चुक्ता पुँजीको ०.७५% ले हुन आउने रकम रु.१,०८,७५,०००/- (अक्षरेपी एक करोड आठ लाख पचहत्तर हजार मात्र) नगद लाभांश (बोनस शेयरको कर प्रयोजनको लागि) शेयरधनी दर्ता पुस्तिका बन्द गर्ने समयमा कायम शेयरधनीहरुलाई वितरण गर्न स्वीकृत गर्ने ।

४) बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा ६३ (२) तथा कम्पनी ऐन, २०६३ को दफा १११ (३) अनुसार आ.व. २०८१/८२ को लेखापरीक्षण गर्नको लागि लेखापरीक्षक नियुक्ति गर्ने र निजको पारिश्रमिक तोक्ने। (कम्पनी ऐन २०६३ को दफा १११(३) अनुसार आ.व. २०८०/८१ का लागि नियुक्त बहालवाला वाह्य लेखापरीक्षक श्री सुन्दर एण्ड कम्पनी, चार्टर्ड एकाउण्टेन्स्, पुल्चोक, ललितपुर समेत आ.व. २०८१/८२ को लेखापरीक्षण गर्नको लागि नियुक्त हुन योग्य रहेको) ।

५) संस्थाको संचालक समितिमा सर्वसाधारण शेयरधनीका तर्फबाट निर्वाचित संचालकको रिक्त हुने १ पद/स्थानको लागि संचालकको निर्वाचन गर्ने ।

**आ) विशेष प्रस्तावः**

१) नेपाल राष्ट्र बैंकबाट वितरण गर्न स्वीकृत भए बमोजिम आ.व. २०८०/८१ सम्मको संचित मुनाफाबाट चुक्ता पुँजी रु. १,४५,००,००,०००/- (अक्षरेपी एक अर्ब पैतालिस करोड मात्र) को १४.२५% ले हुन आउने रकम रु. २०,६६,२५,०००/- (अक्षरेपी बिस करोड छैसठ्ठी लाख पच्चिस हजार मात्र) बराबरको २०,६६,२५० कित्ता बोनस शेयर शेयरधनी दर्ता पुस्तिका बन्द गर्ने समयमा कायम शेयरधनीहरुले पाउने गरी जारी गर्ने ।

२) हालको जारी तथा चुक्ता पुँजी रु. १,४५,००,००,०००/- मा उपरोक्त बमोजिमको बोनस शेयर जारी गरेर जारी तथा चुक्ता पुँजी रु. १,६५,६६,२५,०००/- कायम गर्ने ।

३) बोनस शेयर जारी गर्दा हुने जारी तथा चुक्ता पुँजीको वृद्धि अनुरुप हुने गरी प्रबन्धपत्रको ५(ख) (जारी पुँजी), र ५(ग) (चुक्ता पुँजी) मा संशोधन गर्ने ।

४) प्रबन्धपत्र तथा नियमावलीमा गरिने संशोधनहरुमा नियमनकारी निकायहरुले संशोधन, थपघट, समायोजन वा फेरबदल गर्न सुझाव वा निर्देशन दिएमा सो अनुरुप गर्न संचालक समिति वा समितिले तोकेको व्यक्तिलाई पूर्ण अख्तियारी प्रदान गर्ने ।

५) यस वित्तीय संस्थाले अन्य ईजाजतपत्रप्राप्त "घ" वर्गका एक वा एकभन्दा बढि लघुवित्त वित्तीय संस्थाहरुलाई मर्जर/प्राप्ती (merger/acquisition) गर्न उपयुक्त देखिएमा सो सम्बन्धी आवश्यक सम्पूर्ण कार्य अगाडी बढाउन संचालक समितिलाई अधिकार प्रत्यायोजन गर्ने ।

**इ) विविध**

**सञ्चालक समितिको आज्ञाले**
**कम्पनी सचिव**

## साधारण सभा सम्बन्धी अन्य जानकारी

(१) २३औं वार्षिक साधारण सभाको प्रयोजनको लागि मिति २०८१/०७/०९ गतेका दिन वित्तीय संस्थाको शेयर दाखिल खारेज/शेयरधनी दर्ता पुस्तिका बन्द (Book Close) रहनेछ ।

(२) वित्तीय संस्थाको वार्षिक आर्थिक बिवरण सहितको वार्षिक साधारण सभाको सूचना शेयरधनी महानुभावहरूको सम्बन्धित ठेगानामा पठाइनेछ । यदि सो प्राप्त नभएमा कार्यालय समय भित्र वित्तीय संस्थाको केन्द्रीय कार्यालय, कमलपोखरी, काठमाडौंबाट वा वित्तीय संस्थाको वेबसाइट http://swbbl.com.np बाट प्राप्त गर्न सकिनेछ ।

(३) सभामा भाग लिन र मतदान गर्नका लागि प्रतिनिधि (प्रोक्सी) नियुक्त गर्न चाहने शेयरधनीहरूले प्रतिनिधि पत्र (प्रोक्सी फाराम) भरी केन्द्रीय कार्यालय, कमलपोखरी, काठमाडौंमा सभा सुरू हुनु भन्दा कम्तीमा ७२ घण्टा अगाडि दर्ता गरी सक्नुपर्नेछ । यसरी प्रतिनिधि नियुक्त गरिएको व्यक्ति यस वित्तीय संस्थाको शेयरधनी हुनु आवश्यक छ । एक शेयरधनीले एकभन्दा बढीलाई प्रतिनिधि (प्रोक्सी) मुकरर गरेमा सबै प्रतिनिधि (प्रोक्सी) स्वतःबदर हुनेछन् ।

(४) एक भन्दा बढी व्यक्तिहरूको संयुक्त नाममा शेयरदर्ता रहेको अवस्थामा लगत किताबमा पहिलो नाम उल्लेख भएको व्यक्ति वा सर्वसम्मतबाट प्रतिनिधि चयन गरिएको एक जनाले मात्र सभामा भाग लिन र मतदान गर्न पाउनेछ ।

(५) नाबालक वा विक्षिप्त शेयरधनीहरूको तर्फबाट वित्तीय संस्थाको शेयर लगत किताबमा संरक्षकको रूपमा नाम दर्ता रहेका व्यक्तिले सभामा भाग लिन सक्नुहुनेछ ।

(६) सभामा उपस्थित हुने शेयरधनीहरूले संस्थाको शेयर अभौतिकीकरण गरेको विवरण/अभौतिकिकरण खाताको विवरण (शेयर अभौतिकिकरण नगरेका शेयरधनीको हकमा सक्कल शेयर प्रमाण पत्र) र यी दुई मध्ये कुनै एकका साथ आफ्नो परिचय खुल्ने प्रमाणपत्र प्रस्तुत गरे पछि मात्र सभा कक्ष भित्र प्रवेश गर्न पाइनेछ ।

(७) सभामा भाग लिने शेयरधनी महानुभावले सभा हुने स्थानमा सभा सुरु हुनु भन्दा पहिले नै उपस्थित भई त्यहाँ रहेको हाजिरी पुस्तिकामा दस्तखत गर्नु पर्नेछ ।

(८) संचालकको निर्वाचन सम्बन्धी कार्यक्रम मिति २०८१/०७/२३ गते संस्थाको वेभसाइट तथा केन्द्रीय कार्यालय, कमलपोखरी काठमाडौंको सूचनापाटीमा टाँस गरिनेछ ।

(९) सञ्चालक पदमा उम्मेदवार हुन चाहने शेयरधनीले कम्तीमा ५० कित्ता शेयर ग्रहण गरेको र कम्पनी ऐन, २०६३; बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३; बमोजिम अयोग्य नठहरिएको तथा नेपाल राष्ट्र बैंकबाट समय समयमा जारी गरिएका निर्देशन बमोजिम योग्यता पुगेको हुनुपर्नेछ ।

(१०) सुरक्षाको दृष्टिकोणले शेयरधनी महानुभावहरू सभा स्थल आउँदा झोला, प्याकेट वा अन्य सामान नलिई आउनुहुन अनुरोध गरिन्छ । सुरक्षाकर्मीले सभा कक्षमा प्रवेश गर्नेको सुरक्षा जाँच गर्न सक्ने हुँदा सो कार्यमा सहयोग गरी दिनुहुन समेत अनुरोध गरिन्छ ।

(११) साधारण सभा सम्बन्धी अन्य जानकारीको लागि वित्तीय संस्थाको केन्द्रीय कार्यालय, कमलपोखरी, काठमाडौंको फोन नं. ०१-४५३४९२१/२२ मा वा ईमेल info@swbbl.com.np सम्पर्क राख्नुहुन अनुरोध गरिन्छ ।